
annapurnapost.com
अन्नपूर्ण पोस्ट
वर्ष २४, अंक ६ पृष्ठ ८ | काठमाडौं, मंगलबार २३ वैशाख २०८२ | वैशाख शुक्लपक्ष नवमी नेपाल संवत् ११४५ | TUESDAY, MAY 6, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०

कभर स्टोरी

# ७ ठूला उद्योग, निजीकरण कि साझेदारी ?

























कुनै बेला थियो- सरकारसँग टन्न उद्योग-कलकारखाना थिए, स्वदेशमै रोजगारीको अवस्था थियो ।' तर, राजनीतिक हस्तक्षेप, भ्रष्टाचार र कार्यकर्ता भर्तीले ती उद्योग थला परे । केही निजीकरण गरिए । थला परेकामध्ये ७ वटा उद्योग पनि अब आफैं चलाउन नसक्ने भनेर सरकारले हात ठडचाएको छ । ती उद्योगको सरकारी लगानी व्यवस्थापन गर्ने भनेर मन्त्रिपरिषद्बाटै निर्णय भइसकेको छ । यसैले सात ठूला उद्योगको भविष्य अब के होला भन्ने जिज्ञासा पैदा भएका छन् ।

समाचार पृष्ठ २

**ममता थापा** | *काठमाडौं*
– को रिपोर्ट

आव २०७९/८० मा औद्योगिक क्षेत्रका सार्वजनिक संस्थानको अन्य वित्तीय स्थिति (रु.लाखमा)

| सार्वजनिक संस्थान | खुद नाफा/नोक्सान | डेब्ट इक्विटी अनुपात |
|---|---|---|
| हेटौंडा सिमेन्ट उद्योग लि. | -२५४८.७३ | -४६.५३ |
| जनकपुर चुरोट कारखाना | ५.०२ | -१०४.७ |
| उदयपुर सिमेन्ट उद्योग लि. | -३६२८.८८ | ४४.६९ |
| नेपाल ओरिन्ड म्याग्नासाइट प्रालि | -१६५८.७४ | -३७.९७ |
| बुटवल धागो कारखाना | -३४३.९ | -१०.९५ |
| नेपाल मेटल कम्पनी लि. | …….. | -३७.२६ |
| गोरखकाली रबर उद्योग | -९४७५७३ | …….. |

स्रोतः अर्थ मन्त्रालय

## गैरअमेरिकी चलचित्रलाई १०० प्रतिशत कर



**वासिङ्टन डीसी** (एजेन्सी): बाहिर बनेका चलचित्रलाई अमेरिकामा सतप्रतिशत कर लाग्ने भएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विश्वभरका राष्ट्रहरूसँग व्यापार विवाद बढाउँदै लगेका बेला विदेशमा बनेका चलचित्रहरूमा समेत १०० प्रतिशत भन्सार कर लगाउने बताएका हुन्।

अमेरिकाको चलचित्र उद्योग छिट्टै मृत्युवरण गरिरहेकाले आफूले अमेरिकी वाणिज्य विभाग र व्यापार प्रतिनिधिलाई कर लगाउने प्रक्रिया सुरु गर्न अधिकार दिएको ट्रम्पले बताए। उनले चलचित्र निर्माताहरू र स्टुडियोहरूलाई आकर्षणका लागि प्रोत्साहित गर्ने अन्य देशहरूको 'एकत्रित प्रयास' लाई दोष दिँदै यसलाई उनले 'राष्ट्रिय सुरक्षा खतरा'को रूपमा वर्णन गरे।

उनको टिप्पणीले उद्योगलाई 'नक-आउट प्रहार' गर्न सक्ने एक संघले चेतावनी दिएको छ। किनभने चलचित्र निर्माताहरू कम लागतको खोजीमा वर्षौंदेखि हलिउड छाडेर बेलायत र क्यानडा जस्ता गन्तव्यहरूमा गएका छन्। ट्रम्पले आफ्नो सामाजिक सञ्जाल प्लेटफर्म 'ट्रुथ सोसियल'मा भनेका छन्, 'यो अरू सबै कुराको अतिरिक्त सन्देश र प्रचार हो! हामी फेरि अमेरिकामा बनेका चलचित्रहरू चाहन्छौं!'

अमेरिकी वाणिज्य सचिव हावर्ड लुटनिकले घोषणाको जवाफ दिँदै भने, 'हामी यसमा लागिरहेका छौं।' तर, यस कदमको विवरण भने अस्पष्ट छ। ट्रम्पको यस घोषणामा विदेशमा फिल्म उत्पादन गर्ने अमेरिकी उत्पादन कम्पनीहरूलाई यो शुल्क लागू हुन्छ कि हुँदैन भन्ने विषयमा स्पष्ट उल्लेख गरिएको छैन। अमेरिकी स्टुडियोहरूद्वारा निर्मित हालैका धेरै चलचित्रहरू अमेरिका बाहिर छायांकन गरिएका थिए, जसमा डेडपूल र वोल्भरिन, विक्ड र ग्लेडियटर २ समावेश छन्।

## मधेस सरकारबाटै अपहेलित मधेस आन्दोलनका सहिद परिवार

**मनिका झा** | *जनकपुरधाम*

मधेस प्रदेशमा सरकारबाटै सहिद परिवारले पटक-पटक अपहेलित हुनु परेको छ। सहिदहरूकै बलिदानीले आएको राजनीतिक परिवर्तनबाट प्रदेशमा सरकार बने पनि तिनै सहिदका परिवार सरकारको बेवास्तामा परेका हुन्। सहिद परिवारलाई सरकारले गरेको बेवास्ताप्रति आक्रोश जनाउँदै मधेस भवनभित्रै रहेको गृह तथा सञ्चार मन्त्रालय अगाडि उनीहरूले धर्नासमेत दिएका थिए।

मधेस आन्दोलनको क्रममा सहिद भएकाहरूको परिवारलाई 'एक सहिद परिवार एक रोजगार' कार्यक्रम मधेस प्रदेश सरकार गठन भएको पहिलो वर्षमै तत्कालीन मुख्यमन्त्री लालबाबु राउत नेतृत्वको सरकारले घोषणा गरेको थियो। जसअन्तर्गत २०७५ माघ ५ गते सरकारले मधेसी सहिद बलिदानी दिवसको अवसरमा सिरहाको लहानमा ४६ जना सहिद परिवारलाई नियुक्ति पत्रसमेत दिएको थियो। तर, सरकारले नियुक्ति पत्र दिएर निकै प्रशंसा र चर्चा कमाए पनि ती पीडित परिवारका सदस्यहरूलाई जागिर भने दिएन। जागिर पाउने मात्रै २७ जना भए। प्रदेश सरकारले सहिद परिवारका सदस्यहरूलाई विभिन्न मन्त्रालय तथा मातहतका कार्यालयहरूमा कार्यालय सहयोगीको भूमिकामा करारमा जागिर दिएको थियो। 'एक त हामीले परिवारका सदस्य गुमायौं।



**मधेस प्रदेशको गृह तथा सञ्चार मन्त्रालयमा धर्नामा बसेका मधेस आन्दोलनका सहिदका परिवारहरू ।** ● मनिका झा

त्यसमा पनि अलि राहत पाउने हिसाबले मधेस प्रदेश सरकारले सुरुमा रोजगारीको पहल गरिदियो तर, जुन हिसाबले रोजगारीको नियुक्ति बाँडियो, त्यसरी कामै दिइएन,' बाराका सहिद चन्दन पटेलका बुवा अवधेशप्रसाद पटेलले दुखेसो पोख्दै भने, 'पहिलेको सरकारले करारमा जागिर दिएकाहरूलाई पनि पछिल्लो एक वर्षदेखि तलब दिइएको छैन भने त्यसमध्येबाट १० जनालाई अहिले दैनिक ज्यालादारीमा खटाउने भनि पत्र थमाइएको छ। विभिन्न बहाना लगाएर हामीलाई सरकारले पटक-पटक अपमानित गर्ने काम गरिराखेको छ।' प्रदेश सरकारबाट हालसम्म पाँच जना सहिद परिवारका सदस्यहरूलाई विभिन्न लान्छना लगाएरै जागिरबाट हटाइएको आरोपसमेत पीडितले लगाएका छन्। सहिद रामविवेक यादवकी श्रीमती अनिला कुमारी यादवलाई प्रदेश सरकारले मुख्य न्यायाधिवक्ताको कार्यालयमा रोजगारी दिए पनिपछि उनलाई विभिन्न आरोपहरू लगाएर जागिरबाट निकालियो। त्यसैगरी विजय यादव, जोगी ठाकुरलगायतकालाई पनि जागिरबाट निकालिएको हो।

» बाँकी पृष्ठ ६

## भारतसँग मध्यस्थता गर्न इरानका कूटनीतिज्ञ पाकिस्तानमा

**इस्लामावाद** (एजेन्सी) ः गत महिना कश्मीरको भारतीय नियन्त्रित भागमा पर्यटकहरूमाथि भएको घातक आक्रमणपछि इस्लामावाद र नयाँदिल्लीबीचको तनावमा मध्यस्थता गर्ने प्रयास गर्न इरानका विदेशमन्त्री सोमबार पाकिस्तानमा छन्।

पाकिस्तानको विदेश मन्त्रालयका अनुसार इरानका विदेशमन्त्री अब्बास अराघचीको भ्रमण विवादित कश्मीर क्षेत्रमा पर्यटकहरूमाथि भएको घातक आक्रमणपछि तनाव बढेदेखि कुनै पनि विदेशी महानुभावको पहिलो भ्रमण हो। यो भ्रमण तेहरानले आणविक सशस्त्र छिमेकीहरूबीचको तनाव कम गर्न मद्दत गर्ने प्रस्ताव गरेको केही दिनपछि भएको हो।

इस्लामावाद नजिकैको विमानस्थलमा अवतरण गरेपछि वरिष्ठ पाकिस्तानी अधिकारीहरूले अराघचीलाई स्वागत गरेका थिए। उनले आफ्ना पाकिस्तानी समकक्षी इशाक डार, राष्ट्रपति आसिफ अली जर्दारी र प्रधानमन्त्री शाहबाज सरिफलाई भेट्नुहुने मन्त्रालयले जनाएको छ। मन्त्रालयले थप विवरण दिएको छैन। पछिल्लो झडपले दुई देशलाई एक अर्काका कूटनीतिज्ञ र नागरिकहरूलाई निष्कासन गर्न, साथै हवाई क्षेत्र बन्द गर्न प्रेरित गरेको थियो।

## अन्तिम डेटलाइन पनि सकियो, दर्ता भएनन् सामाजिक सञ्जाल

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

सरकारले ०८१ चैत ७ गते ३० दिनभित्र दर्ता हुन सामाजिक सञ्जालका लागि अन्तिम समयसीमा तोक्यो। त्यो अवधिमा मेटा लगायतका सामाजिक सञ्जालले दर्ताका लागि निवेदन दिएनन्। त्यसपछि सरकारका प्रवक्ता एवं सञ्चारमन्त्री पृथ्वीसुब्बा गुरुङले थप एक साताको मौखिक समयसीमा दिए।

त्यो अवधिमा पनि दर्ता भएनन्। पटक-पटकका आह्वानलाई पनि सामाजिक सञ्जालले टेरपुच्छर नलगाएपछि 'अब के गर्ने' भन्नेमा सरकार अलमल देखिएको छ। सरकारका प्रवक्ता एवं सञ्चारमन्त्री गुरुङले मेटालाई इंगित गरेर दर्ता नभए बन्द गर्ने चेतावनी पनि दिएका थिए। तर, सरकारको चेतावनीका बाबजुद पनि सामाजिक सञ्जाल सूचीकरण तथा दर्ताका लागि आएनन्। न मेटा आयो न अरू सामाजिक सञ्जाल प्लेटफर्म दर्ताका लागि आए। मेटाअन्तर्गत फेसबुक, म्यासेन्जर, ह्वाट्सएप, इन्स्टाग्राम पर्छन्। चेतावनी दिँदा पनि दर्ताका लागि नआएपछि सरकारको विकल्पको खोजीमा लागेको छ। सामाजिक सञ्जाल बन्द गर्न त्यति सहज नभएकाले विकल्पको खोजीमा लागेको मन्त्रालयका अधिकारी बताउँछन्। 'एकै चोटी बन्दा गर्दा नकारात्मक प्रभाव मात्रै होइन राज्यलाई क्षति पुग्छ, ती अधिकारीले भने, के गर्ने भनेर अध्ययन गर्दै विकल्प खोज्दै छौं।'

मन्त्रालयका प्रवक्ता सहसचिव गजेन्द्रकुमार ठाकुरले पटक-पटक सूचना प्रकाशित गर्दा र इमेलमार्फत सम्पर्क गर्दा पनि सूचीकरण/दर्ताका लागि सामाजिक सञ्जाल नआएको बताए। सामाजिक सञ्जाल प्लेटफर्म व्यवस्थित गर्न सरकारले सामाजिक सञ्जालको प्रयोग व्यवस्थित गर्ने निर्देशिका, २०६० समेत जारी गरेको थियो। यो निर्देशिका २०६० मंसिर ११ गते राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा ल्याइएको छ।

सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालन गर्न चाहने कम्पनी वा संस्थाले आफ्नो सामाजिक प्लेटफर्म मन्त्रालयमा सूचीकरण गर्नुपर्ने व्यवस्थाअनुसार सूचना प्रकाशन भएको मितिले तीन महिनाभित्र सूचीकरण हुन आह्वान गरिएको थियो। निर्देशिका अनुसार नेपालभित्र सम्पर्क बिन्दु, आवासीय गुनासो सुन्ने अधिकारी र नियमन परिचालनको निगरानी गर्ने अधिकारीको व्यवस्था गर्नुपर्ने व्यवस्था छ। ०६१ भादौ २५ गते मन्त्रालयको वेवसाइटमा निर्देशिका राखेर सरकारको ०८१ भदौ ६ को बैठकको निर्णय कार्यान्वयनका सुनिश्चितताका लागि समेत अनुरोध गरी सूचना प्रकाशन गरिएको थियो। सन् २०२४ अक्टोबर २२ मा केही ठूला सामाजिक सञ्जाल प्लेटफर्म (मेटा, एक्स लगायत) का चिफ अपरेटिङ अफिसरलाई सम्बोधन गरी मन्त्रालयमा सूचीकरण तथा निर्देशिकाको कार्यान्वयन साथै नेपाल सरकारको निर्णय कार्यान्वयनका लागि इमेलमार्फत पत्राचारसमेत गरिएको थियो।



सोही निर्देशिकाको परिचालनको सुनिश्चितताका लागि ०६१ माघ २१ गते गोरखापत्र राष्ट्रिय दैनिक र द राइजिङ नेपालमा सूचना प्रकाशन गरी सूचीकरणका लागि आह्वान गरिएको थियो। अन्तिम पटक २०८१ चैत ७ गते सूचीकरणको ३० दिनको समयावधि दिई पुनः सूचना प्रकाशित गरिएको थियो।

यस अवधिसम्म पनि सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका, २०६० बमोजिम थप कुनै पनि सामाजिक सञ्चालकहरूमा सूचीकृत हुन नआएको मन्त्रालयले जनाएको छ।

» बाँकी पृष्ठ ६